# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ

बागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा) आदिको उत्खनन्, विक्री तथा निकासी शुल्क बन्दोवस्ती सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड घ(६) तथा सोही ऐनको दफा ६४ को उपदफा १(च) एवम् यस त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन एवं संशोधित प्रारम्भिक बातावरणीय परिक्षण (IEE) प्रतिवेदन अनुसार आ.व. २०८२/८३ का लागि यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने निम्न घाटहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा एवं रोडा) आदिको उत्खनन्, विक्री तथा निकासी शुल्क बन्दोबस्ती ठेक्काको माध्यामबाट गर्ने निर्णय भएकाले योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीहरूले आवस्यक कागजात सहित तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रहि गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. GA 1.1- 16701400000116 मा बोलपत्र दस्तुर रू ५००० (पछि फिर्ता नहुने गरी) छुट्टा छुट्टै दाखिला गरि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी कबोल अंकको ५% ले हुन आउने रकम गाउँपालिकाको धरौटि खाता नं. GA. 3.1 - 16701400000178 मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (विड वण्ड) संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp बाट मिति २०८२/०४/१६ गते दिउसो १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपिसल**

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | वार्षिक न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण (घ.मी) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | TRM/NCB/ GD/2081-82/09 | खण्ड (क) बुट्टार नाका (बांगेरह देखि देविथान सम्म त्रिपुरासुन्दरी गा.पा. -१ बुट्टार)<br>खण्ड (ख) बुट्टार नाका (बुढिगण्डकी खोला त्रिपुरासुन्दरी गा.पा. -१ बुट्टार) | 2342951.71 | 9477.96 | बोलपत्र दस्तुर ५००० का दरले छुट्टाछुट्टै र कबोल अंकको ५% ले |
| 2 | TRM/NCB/ GD/2081-82/10 | खण्ड (क) आरुघाट नाका (पड्केघारी कास्टेखोला त्रिपुरासुन्दरी गा.पा. -२)<br>खण्ड (ख) आरूघाट बगर (कास्टेखोला त्रिपुरासुन्दरी गा.पा. -२ र ३)<br>खण्ड (ग) आरूघाट बगर (बुढिगण्डकी खोला त्रिपुरासुन्दरी गा.पा. -२) | 3115528.34 | 12603.27 | |
| 3 | | खण्ड (क) टारिवेसी नाका, त्रिपुरासुन्दरी गा.पा. -१ टारिवेसी | 1376182.17 | 5567.08 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | TRM/NCB/ GD/2081-82/11 | खण्ड (ख) सुकौरा नाका (सुकौरा देखि खहरे बेली ब्रिजसम्म त्रिपुरासुन्दरी गा.पा. -७)<br>खण्ड (ग) मगरडाँडा नाका ( मगरडाँडा देखि सुकौरासम्म त्रिपुरासुन्दरी गा.पा. - ६) | | | |
| 4 | TRM/NCB/ GD/2081-82/12 | खण्ड (क) लपाँङ नाका (खहरेपुल माथिदेखि हाईड्रोसम्म त्रिपुरासुन्दरी गा.पा. -७)<br>खण्ड (ख) लपाँङ नाका त्रिपुरासुन्दरी गा.पा. - ७<br>खण्ड (ग) लपाँग खोला त्रिपुरासुन्दरी गा.पा. - ७ खहरे | 5746955.04 | 23248.2 | |
| 5 | TRM/NCB/ GD/2081-82/13 | खण्ड (क) डाँडागाउँ नाका त्रिपुरासुन्दरी गा.पा. - १ | 1995512.11 | 8072.46 | |

**शर्तहरू :**

१. ईच्छुक फर्म वा कम्पनीहरूले शिलवन्दी बोलपत्रसाथ नविकरण भएको दर्ता ईजाजत प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र,आयकर दर्ता प्रमाण पत्र, तथा आ.व.२०८०/८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्रको BOQ मा दररेट, अंक र अक्षर दुबैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरमा उल्लेख भएको दररेटलाई मान्यता दिईनेछ ।

३. तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्र सम्बन्धी कागजातहरू यस सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ठिक १:०० बजे बोलपत्रदाता फर्म वा कम्पनीका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएको कारण बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाण पत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत २५ प्रतिशतले हुने रकम नगद र दोस्रो, तेस्रो तथा चौथो किस्ता बापत ७५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद कायम गरी जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

६. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि सम्झौता भएको मितिदेखि २०८३ साल असार मसान्त सम्म कायम रहनेछ । उत्खनन अवधि भने २०८२ असोज १ देखि २०८३ जेठ मसान्त सम्म मात्रै रहनेछ ।

७. बन्द, हड्ताल, महामारी आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन । यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछ ।

८. दरभाउपत्रमा कुनै त्रुटि हुन गएमा उक्त त्रुटि सुधार वा संसोधन गर्ने तथा गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा/छुट सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

९. ठेक्काको बाँकी तीन किस्ता रकम मध्ये क्रमश: दोस्रो किस्ता (कबोल अंकको २५ प्रतिशतले हुने रकम) २०८२ पौष मसान्त भित्र, तेस्रो किस्ता (कबोल अंकको २५ प्रतिशतले हुने रकम) २०८२ चैत्र मसान्त भित्र र अन्तिम किस्ता (कबोल अंकको २५ प्रतिशतले हुने रकम) २०८३ जेष्ठ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१०. उल्लेखित शर्त पूरा नभएका बोलपत्रहरूलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम ठेक्का स्विकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website: : www.tripurasundarimundhading.gov.np मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

फोन नं :०१०-५२१००७,०१०-५२१००८ इमेल: info@tripurasundarimundhading.gov.np, tripurasundaridhading@gmail.com
URL: www.tripurasundarimundhading.gov.np